PAN: 304956159
Regd No: 1277/67-68

EMPOWERING PEOPLE FOR HYDRO-ELECTRICITY GENERATION
**Arun Kabeli Power Limited**
Website: www.arunkabeli.com E-mail: info@arunkabeli.com

Ref. No.

मिति :२०७५/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरवारप्लाजा, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७५ पौष ०६ गते बसेको निर्णयनुसार संचालक समितिको प्रस्ताव गरे अनुसार यही मिति २०७५ पौष ३० गते साधारण सभा सम्पन्न गर्ने निर्णय गरियो । कम्पनीले निर्माण गरिरहेको कावेली बि-१ जलविद्युत आयोजना अन्तिम चरणमा रहेको हुँदा र हाल सम्म उत्पादनमा आइनसकेको हुँदा यस साल कुनै किसिमको मुनाफा कम्पनीले प्रदान नगर्ने व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

..................

सिर्जना खड्का
(कम्पनी सचिव)

बोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड,
जवलाखेल, ललितपुर ।

२. सिडियस एण्ड क्लियरिङ लि.
काठमाण्डौ ।

३. श्री कम्पनी राजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।

# अरुण कावेली पावर लिमिटेड

दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा, वडा नं. ११ थापाथली, काठमाण्डौ
फोन नं. ०१-५१११०८५, फ्याक्स नं. ०१-५१११०३९
इमेल: info@arunkabeli.com, वेभसाइट: www.arunkabeli.com

को

## सातौं तथा आठौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०९/०८ गते)

यस कम्पनीको मिति २०७५।०९।०६ शुक्रवार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको सातौं तथा आठौं संयुक्त वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति** : २०७५ पौष ३० गते सोमबार (14th January 2019)
**स्थान** : ईन्द्रेणी कम्प्लेक्स, पहिलो तल्ला, शिशमहल, नयाँबानेश्वर, काठमाडौं ।
**समय** : बिहान ११ बजे देखि ।

**छलफलका बिषयहरु**

**(क) सामान्य प्रस्ताव** :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७३/७४ तथा २०७४/७५को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/७४ तथा २०७४/७५को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/०७६ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनीको सस्थापक समुहवाट प्रतिनिधित्व गर्ने चार तथा सर्वसाधारण समुहवाट प्रतिनिधित्व गर्ने दुईजना सञ्चालकको निर्वाचन/मनोनयन गर्ने ।

**(ख) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिनहुन अनुरोध छ । कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।
२) साधारण सभाको प्रयोजनका लागी २०७५ पौष १७ मंगलबारका दिन शेयरको दर्ता किताव बन्द रहनेछ । २०७५ पौष १७ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिन अर्थात २०७५ पौष २० गते भित्र दाखेल खारेजका लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु मात्र यस सभामा मतदान गर्नका लागी योग्य हुनेछन ।
३) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
४) सञ्चालक निर्वाचनको विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय (यस कम्पनीको प्रधान कार्यालय) थापाथलीमा प्रकाशित हुने भएकोले त्यस सम्वन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सर्म्पक राख्न अनुरोध गर्दछौं ।
५) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वत:बदर हुनेछ ।
६) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत बाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
७) सञ्चालक पदमा उम्मेदवार हुने चाहने शेयरधनीले तल ८ र ९ मा उल्लेख भए बमोजिम कम्पनीको प्रधान कार्यालय, थापाथली, काठमाडौंमा प्रकाशित निर्वाचन सम्वन्धि कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनीहरु मध्ये एकजना शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेदवारीवाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोहि निर्वाचन सम्वन्धि कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।
८) सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनीको नियमावली बमोजिम आवश्यक शेयर लिई प्रचलित कानून बमोजिम सञ्चालक हुने योग्य रहेको हुनुपर्दछ ।
९) यस कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका शेयधनीहरुले यस कम्पनीको प्रधान कार्यालय थापाथली, काठमाण्डौं वाट प्राप्त गर्न सक्नेछन् । निर्वाचन सम्वन्धि अन्य जानकारी तथा कार्यक्रम सम्वन्धि सूचना २०७५ पौष २२ गतेका दिन कम्पनीको प्रधान कार्यलयको सूचना पाटीमा टाँसिने छ ।
१०)कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभाहुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
११) सातौं तथा आठौं वार्षिक साधारण सभा सम्वन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौमा सम्पर्क राख्नु हुन